हरिनास गाउँपालिकाको ३२ औं कार्यपालिका बैठक

मिति:- २०८२/०३/१७

समय:-११:०० बजे

स्थान:- हरिनास गाउँपालिकाको बैठक कक्षमा

आज मिति २०८२/०३/१७ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसार गाउँ कार्यपलिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरू गरियो।

तपसिल:

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं.२ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |

| | | |
|---|---|---|
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| श्री शिव कुमार पौडेल | सचिव | |

श्री आमन्त्रित उपस्थिति

| | | |
|---|---|---|
| श्री शिव कुमार पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| श्री भरत खडका | प्रशासकीय अधिकृत | |
| श्री नोल वहादुर थापा | प्रशासन प्रमुख | |
| श्री बिदुर सिग्देल | स्वास्थ्य अधिकृत | |
| श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्यूको स्वकीय सचिव | |

खिमनारायण मानन्धर
अध्यक्ष

निर्णयहरुः

निर्णय नं.१. तह वृद्धिका लागि असार १० गते प्रकाशित सूचना सं.८२/०८१/८२ अनुसार तह वृद्धिका लागि निवेदन दिएका उम्मेद्धारहरुको गण्डकी प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन तथा नियमावली बमोजिम २०८२ साउन १ गते देखि ज्येष्ठता कायम हुने गरी तह वृद्धि गर्ने निर्णय गरियो।

निर्णय नं.२. आ.व.२०८१/८२ को असार मसान्त सम्म म्याद सकिएका करारका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा आगामी आ.व. को लागि म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.३. जनता संग अध्यक्ष कार्यक्रम अन्तर्गतका उल्लेखित लगायतका सबै योजनाहरु कार्यपालिका बाट स्वीकृत गरि अन्तिम फरफारख र भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

- गुरुङ चिहान डाँडा मोटर बाटो निर्माण रु. ४,१०,०००/-
- एक्लेस्वरा  मन्दिर निर्माण रु.२,३६,५००/-
- टारा मोटरु बाटो तथा खेल मैदान निर्माण रु. ९,७०,०००/-
- लखन थापा मेलमिलाप क्लब रु १,००,०००/-
- धेगाछाप लेख मोटर बाटो निर्माण रु ४,७२,३९०
- लालिगुरास युवा क्लव रु २ लाख ।
- 
- सिरौले गुवा क्लव रु २ लाख।

निर्णय नं.४. गा पा बाट संचालि त ६०/४० का तपसिलका योजनाहरुलाई कार्यपालिका बाट स्वीकृत गरि अन्तिम फरफारक र भुक्तानी दिने निर्णय गरियो।

तपसिल

- धेगाछाप आमा समूह ट्रस निर्माणद रु.६,०५,९०१/-

निर्णय नं.५. प्राविधिक शाखाको अन्तिम मूल्याङ्कन अनुसार चुलीडाँडा पर्यटन योजनाको अन्तिम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.६. सार्वजनिक खरिद ऐनको दफा ५६ र नियमावलीको नियम १२० बमोजिम स्वास्थ्य इकाई सालडाँडा र दगदी कुलुङखोला दोभान वडार भन्ज्याङ ग्रामिण सडक पार्ट ४ को म्याद थप गर्ने निर्णय गरियो।